**Amritology 13-01-2014 Nepali**

## बेहद सेवाधारी आत्माको विश्व कल्याणकारी बाबासँग कुराकानी

### पहिलो स्मृति

आँखा खुल्ने बित्तिकै संकल्प गरौं– म आत्मा हुँ । म यस बसुन्धरालाई प्रकाशमय बनाउनका लागि मधुर प्रकाशको घरबाट अवतरित भएको छु ।

### म को हुँ ?

म बेहदको सेवाधारी आत्मा हुँ । म सारा विश्वलाई ज्ञानको प्रकाश र शक्तिको बल दिइरहेको छु ।

### म कसको हुँ ?

#### आत्माको बाबासँग कुराकानी

मीठे बाबा– गुड मर्निङ्ग । यदि मैले आफ्नो हिम्मतको कदमलाई बडो ध्यानसँग कार्यमा लगाएँ भने मायाको छायाँ मेरो छेउसम्म पनि आउन सक्दैन । यस पुरुषार्थबाट म धैरै सजिलोसँग ज्ञान रत्नहरुको अनुभव गर्न सक्दछु एवं सबै शक्तिहरु मेरा अधिकारमा हुनेछन् ।

#### बाबाको आत्मासँग कुराकानी

मीठे बच्चे ! जाग ! मसँग बस । तिमी सदा रुहानियतको (आत्मिकताको) उच्च स्थितिमा स्थित भइराख । बेहदको सेवाधारी बनेर विश्वका आत्माहरुमा सहयोग वा शुभ भावनाको लहर फैलाऊ । तिमी यो याद राख– तिमी विश्व कल्याणकारी बाबाका सन्तान हौ । यसैले तिमीलाई त दिव्य गुणको स्वरुप बन्नु छ । यसको उपहार सारा संसारलाई देऊ ।

### बाबाद्वारा प्रेरणा

आफ्नो मनलाई सबै कुराबाट हटाएर बाबामा लगाऊ । बाबा शान्तिका सागर हुनुहुन्छ । यस शान्तिमा मैले बाबाबाट प्रेरणायुक्त एवं पवित्र सेवाको संकल्प लिइरहेको छु ।

### बाबाद्वारा वरदान

सूक्ष्म वतनमा मीठा बाबाका सामुन्ने मेरो फरिस्ता स्वरुप स्पष्ट देखिइरहेको छ । बडो प्यार र शक्तिशाली दृष्टिद्वारा बाबाले मलाई वरदान दिइरहनुभएको छ–

तिमी एउटा सम्पूर्ण योगी हौ, जसले आपत्तिका दृश्यलाई पनि मनोरञ्जनको रुपमा देख्दछौ । तिमी सदा मुस्कुराएर “वाह वाह” को गीत गाइरहन्छौ । तिमीले यो जानेका छौ– दुःखपछि सुखका दिन अवश्य आउनेछन् ।

### बेहदको सूक्ष्म सेवा : आखिरी १५ मिनेट

बाबाद्वारा प्राप्त यस वरदानलाई आफ्नो शुभ संकल्पद्वारा, वरदाता बनेर, म पूरै विश्वलाई दान दिइरहेको छु । आफ्नो फरिस्ता ड्रेस पहिरिएर म विश्व भ्रमण गर्दै सबै आत्माहरुलाई यो वरदान दिइरहेको छु ।

### राती सुत्नु भन्दा पहिला

आवाजको दुनियाँ भन्दा पर गएर आफ्नो अवस्थालाई स्थिर बनाऔं । चेक गरौं– आज मैले दिन भरमा कुनै कुराको अवज्ञा त गरिनँ ? यदि गरेको भए बाबालाई बताऔं । कसैको मोह या आकर्षणमा बुद्धि त फँसेन ? आफ्नो कर्मको चार्ट बनाऔं । ३० मिनेटको योगद्वारा कुनै पनि गलत कर्मको प्रभावबाट स्वयम्लाई मुक्त गरौं । आफ्नो दिललाई सफा र हल्का बनाएर सुतौं ।